बिजय बहादुर यादव
मन्त्री

# जिल्लास्तर कृषि विकास कार्यक्रम सञ्चालन विधि, २०७८

*(माननीय मन्त्री स्तरबाट मिति २०७८।०४।१५ गते स्वीकृत)*

**प्रस्तावनाः** भौगोलिक अनुकूलता, तुलनात्मक लाभ र कृषकको मागलाई सम्बोधन गरी लुम्बिनी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतका जिल्ला स्थित कार्यालयहरु मार्फत सञ्चालन हुने चालु आ.व. २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकाले लुम्बिनी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले देहायको सञ्चालन विधि बनाई लागू गरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस सञ्चालन विधिको नाम "जिल्लास्तर कृषि विकास कार्यक्रम सञ्चालन विधि, २०७८" रहेको छ।

(२) यो सञ्चालन विधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सञ्चालन विधिमा,-

(क) "अनुदान" भन्नाले यस सञ्चालन विधि अनुरुप सञ्चालन गरिने कार्यक्रमको लागि कार्यालयबाट उपलब्ध गराईने नगद रकम र बस्तुगत सहयोग समेतलाई सम्झनु पर्छ।

(ख) "अनुदानग्राही" भन्नाले यस सञ्चालन विधि र उल्लिखित कार्यक्रम अनुसार अनुदान प्राप्त गर्ने कृषक/फार्म/कृषि उद्यमी/कम्पनी/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति/संघ संस्थालाई सम्झनु पर्छ।

(ग) "कम्पनी" भन्नाले प्रचलित कम्पनी कानून अनुरुप दर्ता भएका कृषि सम्बन्धी व्यवसाय गर्ने व्यक्तिगत वा सामुहिक संस्थालाई सम्झनु पर्छ।

(घ) "कार्यक्रम" भन्नाले यस सञ्चालन विधिको दफा ६ मा उल्लेख भएका क्रियाकलाप/कार्यक्रमलाई सम्झनु पर्छ।

(ङ) "कार्ययोजना" भन्नाले सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्नको लागि आवश्यकता अनुसार पेश गरेको विस्तृत क्रियाकलाप, लागत अनुमान, समयावधि, जिम्मेवार पक्ष सहितको विवरणलाई सम्झनु पर्छ।

(च) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतको जिल्लास्थित कार्यालयलाई सम्झनु पर्छ।

(छ) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका व्यक्तिहरु मिलेर सामूहिक प्रयत्नद्वारा कृषि क्षेत्रमा काम गर्ने गरी स्थापना भई आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ ।

(ज) "जल उपभोक्ता समिति" भन्नाले सिंचाई व्यवस्थापन गर्ने उद्देश्यकासाथ कानुन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको उपभोक्ता समिति सम्झनु पर्छ।

(झ) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतको कृषि हेर्ने निर्देशनालयलाई सम्झनु पर्छ।

(ञ) "फर्म" भन्नाले प्रचिलत कानून बमोजिम दर्ता भएको निजी क्षेत्रका व्यवसायी/उद्यमीको संस्थालाई सम्झनु पर्छ।

(ट) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(ठ) "समिति" भन्नाले यस सञ्चालन विधिको दफा १३ अनुसार गठित कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ड) "सहकारी" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि सम्बन्धी कार्य गर्ने कृषि तथा बहुउद्देश्यीय संस्थालाई सम्झनु पर्छ।

(ढ) "स्थानीय तह" भन्नाले लुम्बिनी प्रदेश भित्रका गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकालाई सम्झनु पर्छ।

३. **उद्देश्य:** यस सञ्चालन विधिको उद्देश्य देहाय बमोजिम हुनेछ,-

(क) कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने।

(ख) कृषि प्रणालीलाई आधुनिकीकरण, व्यबसायिकरण गरी उत्पादन र उत्पादकत्वमा गुणात्मक बृद्धि गरी प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने।

(ग) प्रविधि हस्तान्तरण मार्फत अनुदान दिई कृषि व्यवसायलाई व्यवसायीकरण गरी आत्मनिर्भर, आधुनिक र प्रतिस्पर्धी बनाउने।

(घ) कृषि उपजको सरल र सुलभ बजार पहुँच बृद्धि गर्दै आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्दै कृषकहरुको आयस्तरमा सुधार गर्ने।

(ङ) कार्यक्रमहरु व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्ने।

४. **सरोकारवाला निकायहरु:** यस कार्यक्रम सञ्चालन गर्न विभिन्न सरोकारवालाहरुको देहाय बमोजिमको भूमिका हुनेछ,-

(क) कृषक/फार्म/कृषि उद्यमी/कम्पनी/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति/स्थानीय तह/सामाजिक तथा शैक्षिक संघ संस्था मार्फत एकल वा संयुक्त रुपमा कार्यालयबाट कृषि विकास कार्यक्रम सञ्चालन हुनेछ।

(ख) कार्यालयले प्रविधि विस्तार तथा सेवा टेवा र कार्यक्रम सञ्चालनको लागि आवश्यक पर्ने विषयगत कार्यक्रम अनुसार प्रस्ताव आह्वान गरी सूचक/आधारहरुमा प्रस्तावहरुको मूल्याङ्कन र छनौट गरी कार्यान्वयन तथा भुक्तानी गर्नेछ।

(ग) निर्देशनालयले सम्वन्धित कार्यालयलाई निर्देशन गर्ने र कार्यक्रम कार्यान्वयनमा आईपरेका समस्या समाधान गर्ने र अनुगमन गरी पृष्ठपोषण प्रदान गर्नेछ।

(घ) मन्त्रालयले कार्यक्रम तर्जुमा, नीतिगत सहजीकरण, अनुगमन मूल्याङ्कन तथा समन्वय गरी कार्यक्रम कार्यन्वयनमा सहयोग गर्नेछ ।

(ङ) कार्यक्रम सञ्चालन गर्दा स्थानीय तह तथा संघीय सरकारले सञ्चालन गर्ने कार्यक्रम सँग दोहोरोपन नहुने गरी कृषिमा दोहोरो अनुदान नियन्त्रण सञ्चालन विधि, २०७८ अनुसार गर्नु पर्नेछ ।

५. <u>जिल्लास्तर कृषि विकास कार्यक्रमको किसिम र सञ्चालन:</u> जिल्लास्थित कार्यालयबाट सञ्चालन हुने जिल्लास्तर कृषि विकास कार्यक्रमको प्रकृति देहाय बमोजिम हुनेछ:

(१) **प्रविधि परीक्षण, विकास तथा विस्तार सहयोग कार्यक्रम:** यस कार्यक्रम अन्तर्गत कार्यमुलक अनुसन्धान, अध्ययन तथा प्रविधि परीक्षण, कृषक पाठशाला, सीप तथा क्षमता विकास, जनचेतनामूलक कार्य, दिवस, असल कृषि अभ्यास प्रणाली, प्रविधि प्रदर्शन र प्रविधि विस्तार जस्ता कार्यक्रमहरु कार्यालयबाट शत प्रतिशत लागतमा सञ्चालन गर्न सकिनेछ ।

(२) **श्रोत केन्द्र स्थापना तथा उत्पादन सामग्री सहयोग कार्यक्रम:** कृषकलाई आवश्यक पर्ने गुणस्तरीय उत्पादन सामग्री (मल, वीउ, वेर्ना, विषादी आदि) को उपलव्धता सुनिश्चित गर्न श्रोत केन्द्र स्थापना गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। यस किसिमका कार्यक्रमले गुणस्तरीय उत्पादन सामग्री स्थानीय स्तरमा उपलब्धताको सुनिश्चितता गराई उत्पादन लागत घटाउन र स्रोत सामग्रीहरूमा आत्मनिर्भर गराउन सहयोग पुग्नेछ।

(३) **व्यवसाय उन्मुख तथा व्यावसायिक कृषि विकास कार्यक्रम:** यस कार्यक्रम अन्तर्गत कृषि व्यवसाय उन्मुख वा व्यावसायिक कृषक वा उद्यमीबाट उद्यमको विकास गर्नको लागि कृषक/उद्यमीहरुलाई प्रोत्साहन गर्नको लागि व्यवसाय उन्मुख उत्पादनका साथै आयमुलक तथा रोजगारी सिर्जना गर्ने व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

(४) **अन्य कार्यक्रम:** माथि नसमेटीएका विभिन्न जिल्लास्तर कृषि विकास कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

६. <u>जिल्लास्तर कृषि विकास कार्यक्रमहरुको विवरण:</u> कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रही देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन हुनेछन्:-

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशत) |
|---|---|---|---|---|
| १ | प्रविधि परिक्षण, विकास तथा विस्तार सहयोग कार्यक्रम | | | |
| (क) | कृषि प्रविधि प्रदर्शन | • कार्यालयले राष्ट्रिय प्रादेशिक र स्थानीय महत्वका बाली/वस्तु र स्थानमा कृषक छनौट गरी उन्नत प्रविधि प्रर्दशन कार्यक्रम संञ्चालन गर्ने।<br>• हरेक स्थानीय तहमा सम्भव भएसम्म कम्तीमा १ प्रविधि प्रर्दशन सञ्चालन गर्ने। | • आवश्यकता बमोजिम उत्पादन, नतिजा, प्रविधि प्रदर्शनसंग सम्बन्धित उत्पादन, प्रशोधन, भण्डारण लगायतका क्रियाकलापहरु सञ्चालन गर्ने ।<br>• कार्यालयले प्रर्दशन कार्यक्रम सञ्चालनका लागि आवश्यक सामग्रीहरू व्यवस्थापन गर्ने। | • वार्षिक विनियोजित बजेट परिधिभित्र रही कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने ।<br>• कृषकको लागत सहभागितालाई प्रोत्साहन गर्ने। |
| (ख) | चकलाबन्दीमा हिउँदे तथा बर्षे फलफुल उत्पादन प्रदर्शन | • सिँचाई स्रोत, बाटो पुर्वाधार भएको वा विस्तार हुन सक्ने क्षेत्र।<br>• सामूहिक वा एकल रुपमा सञ्चालन गर्न सकिने।<br>• बगैंचाको बार बन्देज तथा हेरचाह सम्बन्धी कार्य समुह/कृषकले गर्नुपर्ने।<br>• कार्यालयबाट प्रदर्शनका लागि आवश्यक | • बगैंचा स्थापना तथा व्यवस्थापनः रेखाङ्कन, खाडल तयारी, काँटछाँट आदि।<br>• उत्पादन सामग्रीः मलखाद, विषादी/अन्य बृद्धिवर्धक पदार्थ, माउ बोट/बीउ/विरुवा खरीद, ढुवानी तथा व्यवस्थापन। | • स्वीकृत बार्षिक विनियोजित बजेट परिधिभित्र रही सञ्चालन गर्ने। |

| क्र.सं. | कार्यक्रम | मापदण्ड | [illegible] सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशत) |
|---|---|---|---|---|
| | | खरिद तथा प्रयोग भएका सामग्रीहरु कृषकलाई हस्तान्तरण गर्न सकिनेछ ।<br>• उच्च घनत्व (High Density) बगैंचा प्रदर्शनको हकमा निर्देशनालयको स्वीकृत मापदण्ड अनुसार गर्ने। | • मेसिनरी/ उपकरणहरू सिकेचर, आरी, विडर, स्प्रेयर लगायतको औजार/उपकरण खरिद।<br>• सिँचाइ पूर्वाधार निर्माण तथा ब्यवस्थापन ।<br>• बार बन्देज बाहेकको कृयाकलापहरू। | |
| (ग) | कार्यालय परिसरमा आधुनिक प्रविधि प्रर्दशन | कार्यालय परिसरमा सौन्दर्यिकरण समेत हुने गरी लागत इष्टिमेट स्वीकृत गरी कार्यक्रम संञ्चालन गर्ने । | • खाद्यान्न/फलफुल/तरकारी/पुष्प लगायतका बाली/ वस्तुमा नविनतम प्रविधि झल्किने उत्पादन जन्य, बाली संरक्षण सम्बन्धी सामग्री खरिद ।<br>• प्रर्दशन कार्यक्रम संञ्चालन गर्ने। | कार्यालय परिसरमा सौन्दर्यिकरण समेत हुने गरी स्थानीय प्रचलित दर रेटमा लागत इष्टिमेट स्वीकृत गरी कार्यक्रम संञ्चालन गर्ने । |
| (घ) | मूल्य संकलन (कृषि उपज) | • जिल्ला भित्र बाली तथा वस्तु खरिद विक्रि स्थलमा जिल्लाको प्रतिनिधित्व हुने गरी कम्तीमा ५ वटा विक्रेताबाट पाक्षिक/मासिक थोक तथा खुद्रा मूल्य संकलन गर्ने।<br>• निर्देशनालयबाट स्वीकृत निर्दिष्ट फारम भरी मासिक रुपमा जिल्लाले थोक तथा खुद्रा मूल्य संकलन गर्ने र निर्देशनालयले प्राप्त मूल्य संकलन कम्पाईल गर्ने । | • चौमासिक/बार्षिक थोक तथा खुद्रा मुल्य कम्पाइलेसन तथा विश्लेषण गरी प्रतिवेदन तयार गर्ने। | पाक्षिक वा मासिक रुपमा मूल्य संकलनका लागि स्थान संख्याको आधारमा मुल्य संकलन गर्न र विश्लेषण प्रतिवेदन तयार गर्न स्वीकृत बजेट परिधि भित्र रही खर्च गर्न सकिने।<br>प्रति पटक मूल्य संकलन र विश्लेषण |

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशत) |
|---|---|---|---|---|
| | | | | बापत पारिश्रमिक स्वरुप रू. १५०० सम्म प्रचलित कानून बमोजिम खर्च गर्न सकिने । |
| (ङ) | बाली कटानी | • जिल्लाको प्रमुख बालीहरूको सिंचित र असिंचित उत्पादन क्षेत्र प्रतिनिधित्व हुने गरी छुट्टा छुट्टै बाली कटानी गर्ने ।<br>• प्रति नमूना १० वर्ग मीटरको क्षेत्रफल कायम गरी नमूना क्षेत्रफलबाट तोकिएको बाली कटानी गर्ने ।<br>• उत्पादन क्षेत्र प्रतिनिधित्व हुनेगरी हरेक क्षेत्रमा कम्तीमा ५ वटा randomized नमूनाबाट उत्पादन रेकर्ड लिने।<br>• फलफुल बाली तथा अन्य बालीहरूको हकमा निर्देशनालयले निर्धारण गरे बमोजिम हुने। | • बाली कटानी गरी तथ्याङ्क लिने।<br>• तथ्याङ्क कम्पाइलेसन तथा प्रतिवेदन तयारी | • बालीको हकमा रू. ५०० प्रति बाली कटानी खर्च गर्ने जसमा प्रति बाली कटानी रु. २००/- क्षतिपूर्ती स्वरुप कृषकले पाउने र रु. ३००/- बाली कटानी गर्न ज्यामी ज्यालाका लागि खर्च गर्ने।<br>• फलफूलको हकमा बाली कटानी गरिएको रुखको उत्पादन परिमाणलाई प्रचलित दरले हुन आउने बराबरको रकम कृषकलाई दिने र प्रति बाली कटानी गर्न ज्यामी ज्याला खर्च रु. ३००/- खर्च गर्ने।<br>विनियोजित बजेट/कार्यक्रमको परिधि भित्र बाली कटानी संख्या निर्धारण गरी सञ्चालन गर्नु पर्ने। |

विजय बहादुर यादव
मन्त्री
प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशत) |
|---|---|---|---|---|
| (च) | शित भण्डार गृहमा भण्डारण प्रोत्साहन अनुदान | • प्रादेशिक महत्वका वा स्थानीय स्तरमा उत्पादित कृषि तथा पशुपंक्षीजन्य उत्पादन भण्डारणमा मात्र शित भण्डारण अनुदान दिने।<br>• प्रोत्साहन अनुदान प्राप्त गर्ने कृषकले चालु आ.व.मा कम्तीमा ३ महिना भण्डारण गृहमा भण्डारण गरेको हुनुपर्ने ।<br>• बाली कटानीपूर्व सहभागि हुन चाहाने आवेदकले सम्बन्धित कार्यालयमा सूचित हुनु पर्ने।<br>• सहभागी हुन चाहने पशुपंक्षी एवम् मत्स्यजन्य बस्तु उत्पादक कृषकले आफ्नो उत्पादनको क्षमताको अभिलेखीकरण सहित सम्बन्धित कार्यालयमा सूचिकृत हुनुपर्ने ।<br>• शीत भण्डारमा भण्डारण गरेको बाली तथा बस्तुको परिमाण रेकर्ड अनुसार अनुदान उपलब्ध गराउने।<br>• प्रति कृषक/उद्यमी/समूह/सहकारी न्युनतम् १० कुण्टल भण्डारण गरेको हुनु पर्ने।<br>• शीत भण्डारण संचालन आचार संहिता पालना गरेको हुनु पर्ने । | • शीत भण्डार गृहमा भण्डारण विवरण संकलन गर्ने।<br>• शीत भण्डार गृहमा भण्डारण गरे वापत भुक्तानी गरेको बीलको आधारमा भण्डारण अनुदान दिने। | शित भण्डार गृहमा भण्डारण गर्ने कृषकलाइ बाली/वस्तुमा प्रति कि.ग्रा. रू. २ का दरले प्रोत्साहन अनुदान बैंक मार्फत कृषकको खातामा उपलव्ध गराउने र प्रतिफलमा आधारित प्रोत्साहन अनुदान लिएका कृषकले समेत अनुदान लिन बाधा पर्ने छैन।<br>स्वीकृत बजेट सीमा भित्र अनुदानको लक्ष्य निर्धारण गरी अनुदान कार्यक्रम सञ्चालन गर्ने। |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

विजय बहादुर यादव
मन्त्री

| क्र.सं. | कार्यक्रम | [illegible] | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशत) |
|---|---|---|---|---|
| (छ) | माटो परिक्षण शिविर/माटो ससाह सञ्चालन कार्यक्रम | • कार्यालयले प्रादेशिक मल तथा माटो परिक्षण प्रयोगशालाको समन्वयमा सञ्चालन गर्नु पर्ने।<br>• माटो परीक्षण शिविर सञ्चालन (कम्तीमा २ दिन)।<br>• माटो नमुना जाँचको रिपोर्ट सुझाब सहित उपलब्ध गराउनु पर्ने। | • कार्यालयले कृषकहरुलाई कार्यक्रम वारे प्रचार प्रसार गर्ने र स्थल छनौट गर्ने,<br>• माटो परिक्षण शिविर सञ्चालन गर्न आवश्यक पर्ने रसायन, उपकरणहरु र प्राविधिक सेवा उपलब्ध गराउने,<br>• माटो व्यवस्थापन तालिम सञ्चालन गर्ने<br>• बाली उत्पादन क्षेत्रमा स्थलगत माटो नमुना जाँचको तथ्याङ्क विश्लेषण गरी प्रतिवेदन तयारी गर्ने। | प्रयोगशालाले कम्तीमा १०० वटा माटोका नमूना परीक्षणका लागि आवश्यक रिएजेन्ट तथा सामग्री खरिद इष्टिमेट अनुसार खर्च गर्न सकिनेछ।<br>कार्यालयले प्रचार प्रसार, चियापान, ब्यानर, स्टेसनरी ब्यवस्थापन आदिको लागि अधिकतम रु.५०००/ खर्च गर्न सक्ने ।<br>स्वीकृत बजेटको परिधि भित्र रही माटो सुधार सामग्री स्थानीय दरमा खरीद गरी वितरण गर्न सकिने। |
| (ज) | बाली उपचार शिविर | • कार्यालयले रोगकीरा पहिचान तथा ब्यवस्थापन सम्बन्धी जनचेतनाका लागि नियमित/घुम्ती बाली उपचार शिविर सञ्चालन गर्नु पर्ने।<br>• स्थलगत रूपमा बाली रोग तथा कीराको पहिचान तथा निदान सेवा शिविर सञ्चालन गर्नु पर्ने।<br>• बाली उपचारमा कम्तीमा २५ जना कृषकहरूलाई सेवा सञ्चालन गर्ने। | • रोग कीरा ब्यवस्थापन सम्बन्धि जनचेतनामुलक प्राविधि सुचना प्रकाशन तथा प्रसारण गर्ने।<br>• बाली उपचार शिविर आयोजना / ब्यवस्थापन<br>• आवश्यक जैविक तथा रासायनिक विषादी उपलब्ध गराउने। | • बाली उपचार शिविर सञ्चालनका लागि रोगकीरा पहिचान गर्न आवश्यक सामग्रीको खरिद इष्टिमेट स्वीकृत गरी गर्न सकिनेछ।<br>• कार्यालयले प्रचार प्रसार, चियापान, ब्यानर, स्टेसनरी ब्यवस्थापन आदिको लागि |

बिजय बहादुर यादव
मन्त्री

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशत) |
|---|---|---|---|---|
| | | | | अधिकतम रु.५०००/ खर्च गर्ने।<br>• स्वीकृत बजेटको परिधि भित्र रही जैविक तथा रासायनिक विषादी स्थानीय दरमा खरीद गरी वितरण गर्न सकिने। |
| (झ) | भकारो सुधार | • कम्तीमा २ ठूला पशु पालन गरी भकारो सुधार गरेको हुनु पर्ने।<br>• पशुको स्वास्थ्य, सरसफाई र सुरक्षालाई मध्यनजर गरी प्राविधिकको डिजाईन इष्टिमेट अनुसार तयार गरेको हुनुपर्ने।<br>• भकारो सुधार कार्यक्रम अन्तर्गत- कम्तीमा छानो सहित फ्लोर, कम्पोष्ट खाडल-२, नाली सहितको मुत्र संकलन खाडल वा ड्रम सहित हुनु पर्नेछ।<br>• मलखाद घामपानीबाट जोगाउन छाप्रोको व्यवस्था गर्नुपर्ने । | • फ्लोर निर्माणका लागि आवश्यक सामग्री तथा ज्याला, छानो<br>• मुत्र संकलन ड्रम/टयाङ्की।<br>• भकारो सुधार सहयोग सम्बन्धि सूचना बोर्ड। | बजेटको परिधि भित्र रही प्रति योजना बढीमा ५० प्रतिशत वा अधिकतम रु. १५०००/ सम्म खर्च गर्न सकिने। |
| (ञ) | बजारीकरणका लागि अटो रिक्सा खरीद | • कृषि उपजको उत्पादन तथा बजारीकरणमा संलग्न भएको समुह, सहकारी वा उद्यमी हुनु पर्ने। | • कृषि उपज ढुवानी प्रयोजनका लागि उपयुक्त अटो रिक्सा/ई-रिक्सा, खरिद। | स्वीकृत बजेटको परिधिभित्र रही ५० प्रतिशत वा अधिकतम रू ३ लाख रकम मध्ये जुन कम हुन आउँछ सो रकम अनुदान दिने। |

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गरिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशत) |
|---|---|---|---|---|
| | | • कृषि उपज उत्पादन तथा बजारिकरण उद्देश्य लिइ दर्ता भएको हुनु पर्ने।<br>• कृषि उपज ढुवानी हुने गरी डिजाइन वा मोडिफिकेशन भएका अटो रिक्सा। | | |
| (ट) | आकस्मिक बाली संरक्षण सेवा | • कार्यालयले बाली तथा विरूवामा देखा परेका रोग तथा कीराहरुको प्रकोप नियन्त्रण, निदान तथा व्यवस्थापनका लागि सञ्चालन गर्नु पर्ने।<br>• कार्यालयको निर्णय अनुसार कार्यक्रम संचालन हुने। | • स्प्रेयर, जैविक तथा रासायनिक विषादि, एप्रोन, ग्लोब्स, चश्मा आदि प्रकोप नियन्त्रणमा प्रयोग हुने उपकरण तथा सामग्रीहरू। | स्वीकृत बजेट परिधि भित्र रही इष्टिमेट गरी खर्च गर्ने। |
| २ | श्रोत केन्द्र स्थापना तथा उत्पादन सामग्री सहयोग कार्यक्रम | | | |
| (क) | तरकारी/फल फूल/ पुष्प नर्सरी स्थापना तथा सुदृढीकरण कार्यक्रम | • विरुवा उत्पादनको लागि आवश्यक जग्गा उपलव्ध भएको हुनुपर्ने।<br>• लिजमा लिएको भए कम्तीमा ५ वर्षको करार हुनुपर्ने।<br>• स्पष्ट रुपमा विरुवा उत्पादन कार्ययोजना तयार गरी लागु गर्ने ।<br>• नर्सरी/विरुवा उत्पादन सम्बन्धी कार्य गर्ने उद्देश्य भई सम्बन्धित निकायमा दर्ता भएका नर्सरी फार्म/कम्पनी, समूह/सहकारी हुनु पर्ने।<br>बाली/बस्तु \| न्यूनतम \| न्यूनतम | • नर्सरी व्यवस्थापनका लागि माउ बोट, रूटस्टक, सायन, वीउ तथा बेर्ना खरीद, प्राङ्गारिक मल, पिटमस, कोकोपिट, स्फ्याङ्नम मस, विषादी, पोलीपट, नर्सरी ट्रे आदि खरीद।<br>• पम्पसेट, मोटर, पाइप, पोखरी, सिंचाइ पूर्वाधार, लगायतका कार्य<br>• नर्सरी सेड/नेट, स्क्रीन हाउस लगायत औजार/उपकरण (स्प्रेयर, प्रुनर, बडिङ्ग/ग्राफ्टिङ चाक्कु आदि) आदि खरिद/निर्माण। | कूल लागतको ५० प्रतिशत वा अधिकतम रु. ३ लाखमा जुन कम हुन आउछ सो रकममा अनुदान उपलब्ध गराउने। |

बिजय बहादुर यादव
मन्त्री

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशत) |
|---|---|---|---|---|
| | | <table><tr><td></td><td>क्षेत्रफल पहाड (रोपनी)</td><td>क्षेत्रफल तराई (कठ्ठा)</td></tr><tr><td>तरकारी/पुष्प नर्सरी</td><td>०.५</td><td>१</td></tr><tr><td>फलफुल नर्सरी (माउबोट क्षेत्र बाहेक)</td><td>१</td><td>२</td></tr></table> | | |
| ३ | व्यवसाय उन्मुख तथा व्यावसायिक कृषि विकास कार्यक्रम | | | |
| (क) | धान मिलहरू सँगको सहकार्यमा मसिना तथा बासनादार धान प्रवर्धन कार्यक्रम | - धान मिलिङ्ग/प्रशोधन सम्बन्धि उद्देश्य सहित प्रचलित नियमानुसार दर्ता भएको संस्था हुनु पर्ने।<br>- न्यूनतम् समर्थन मूल्य तोकिएको बालीको हकमा सोही मूल्यमा खरीद गर्न प्रतिवद्ध हुनुपर्ने ।<br>- कृषकहरुसँगको सहकार्यमा ब्लकमा मसिना तथा बासनादार धान उत्पादन गराउन कृषकहरुलाई बीउ, मेसिनरी, सिँचाई व्यवस्थापन तथा प्राविधिक सेवा उपलब्ध गराउने र खरीद सूनिश्चित गर्नुपर्ने।<br>- बार्षिक न्युनतम् २०० मे.टन धान प्रशोधन क्षमता भएको हुनुपर्ने। | - मसिना तथा बासनादार धानको जात खेती गर्न उत्पादन सामग्री सहयोग।<br>- प्रविधि प्रदर्शन तथा विस्तार कार्यक्रमहरू।<br>- मेसिनरी तथा औजार खरिदमा सहयोग।<br>- सिँचाई व्यवस्थापन सहयोग<br>- भण्डारण तथा प्रशोधन क्षमता अभिबृद्धिमा सहयोग।<br>- विक्री कक्ष निर्माण तथा सुदृढीकरण सहयोग<br>- प्याकेजिङ्ग ब्रान्डिङ्ग, तथा लेवलिङ्गमा धान मिलहरूलाई सहयोग हुने। | - प्रविधि प्रदर्शन तथा विस्तार १०० प्रतिशत अनुदान दिन सकिने (कुल लागतको अधिकतम २० प्रतिशत मात्र खर्च गर्ने)।<br>- बीज बृद्धि, साना यन्त्र/औजार उपकरण खरिद, कष्टम हाइरिङ्ग सेन्टर स्थापना, मुभेवल ड्रायर खरिद, सामुदायिक स्क्रिन हाउस निर्माण, भण्डारण गृह तथा प्रशोधन मेशिन, विक्री कक्ष निर्माण, खेती उत्पादन सामग्रीमा |

बिजय बहादुर यादव
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
लुम्बिनी प्रदेश
बुटवल, नेपाल

बिजय बहादुर यादव
मन्त्री

प्रदेश सरकार
बुटवल, नेपाल

<table>
<tr><th>क्र.सं.</th><th>कार्यक्रम</th><th>मापदण्ड</th><th>सञ्चालन गर्न सकिने क्रियाकलापहरु</th><th>अनुदान (सीमा रकम/प्रतिशत)</th></tr>
<tr><td></td><td></td><td>- मिलले कम्तीमा ५० हे. मसिना तथा बासनादार धान उत्पादन गर्न सहकार्य गर्नुपर्ने।<br>- यस अघि यस किसिमका कार्यक्रममा आवद्ध कृषकहरुसँग सहकार्य गरेको हुनुपर्ने।<br>- कृषकहरूसंग सहकार्यमा मसिना / बासनादार धान उत्पादन तथा प्रसोधन गरिरहेका मिलहरु मार्फत कार्यक्रम सञ्चालनमा निरन्तरता दिन सकिने।</td><td></td><td>५० प्रतिशत अनुदान (कुल लागतको न्यूनतम ६० प्रतिशत खर्च गर्ने)।<br>- प्याकेजिङ्ग, ब्रान्डिङ्ग तथा लेवलिङ्ग, बजारीकरणमा धान मिलहरूलाई (कुल लागतको अधिकतम २० प्रतिशत अनुदान सम्मको) अनुदान हुने ।</td></tr>
<tr><td>(ख)</td><td>बीउ आत्मनिर्भर कार्यक्रम<br>१ खाद्यान्न बाली/ दलहन/ तेलहन बीउ उत्पादन<br>२ तरकारी बाली बीउ उत्पादन</td><td>- बीउ आत्मनिर्भर कार्यक्रम न्यूनतम् देहायको क्षेत्रफलमा सञ्चालन गर्नु पर्नेः<br><table><tr><th>बिज बृद्धि</th><th>तराई (कठ्ठा)</th><th>पहाड (रो.)</th></tr><tr><td>तरकारी</td><td>६</td><td>२</td></tr><tr><td>खाद्यान्न बाली बीउ</td><td>१५०</td><td>६०</td></tr><tr><td>दलहन/ तेलहन बीउ</td><td>६०</td><td>२०</td></tr></table>- एकल वा सामुहिक बीउ उत्पादन गर्न सकिने तर सामुहिक बीउ उत्पादनमा क्लष्टरमा सहयोग गर्न सकिने।</td><td>- उत्पादन सामग्रीः स्रोत बीउ, सुचिकृत प्राङ्गारिक मल, विषादी, शुक्ष्म तत्व<br>- प्याकेजिङ सामग्री, बीउ प्रमाणिकरण खर्च, प्रशोधन सहयोग, चिस्यान मापन यन्त्र आदि उपकरणहरू।</td><td>बार्षिक स्वीकृत बजेट परिधि भित्र रही तरकारी बीउ उत्पादनमा प्रति हेक्टर अधिकतम रु. एक लाख र खाद्यान्न/ दलहन/तेलहन बीउ उत्पादनमा प्रति हेक्टर तराइ र पहाडमा क्रमशः अधिकतम रु. ५० हजार रु. ६० हजार अनुदान दिइने।</td></tr>
</table>

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशत) |
|---|---|---|---|---|
| | | - बीउ बिजन कारोबार अनुमतिपत्र लिएकी संस्था वा सो संस्थाको समन्वयमा बीउ उत्पादनमा संलग्न हुनु पर्नेछ।<br>- स्रोत बीउको रूपमा प्रमाणित, मूल वा स्रोत वा लेवल बीउमा लेबल लगाई बिक्री गर्नु पर्ने।<br>- स्रोत तथा प्रमाणित बीउ उत्पादकलाई प्राथमिकता दिइनेछ। | | |
| (ग) | • कोभिड विशेष मागमा आधारित कृषि/पशुपंक्षी विकास कार्यक्रम | • जिल्लाको बढीमा १० प्राथमिकता बाली तथा बस्तुहरू कार्यालयले निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने।<br>• कम्तीमा तराईमा २ कट्ठा र पहाडमा १ रोपनीमा बाली तथा बस्तु उत्पादन योजना भएको हुनु पर्ने।<br>• मौरी र च्याउको हकमा कम्तीमा ६ वटा माहुरी घार (गोलासहित) वा च्याउ न्यूनतम् ४० कि.ग्रा. च्याउ को बीउ प्रयोग गरी उत्पादन गर्नुपर्ने।<br>• अनुसूची ६ मा संलग्न अनुसार निवेदन दिन सकिने। | • कृषकले माग गरे अनुसारका बाली तथा बस्तु उत्पादन, प्रशोधन तथा बजारीकरण कार्यक्रम सञ्चालन। | • स्वीकृत लागत अनुमान सहितको कार्य योजना अनुसार अधिकतम ५०% अनुदानमा बढीमा ५० हजार सम्म उपलब्ध गराउने । |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम, बुटवल, नेपाल

बिजय बहादुर यादव
मन्त्री

<table>
<tr><th>क्र.सं.</th><th>कार्यक्रम</th><th>मापदण्ड</th><th>सञ्चालन गर्न सकिने क्रियाकलापहरु</th><th>अनुदान (सीमा रकम/प्रतिशत)</th></tr>
<tr><td></td><td></td><td>• सम्झौता बखत अनिवार्य प्यान नं. पेश गर्नुपर्छ।<br>• विगत ३ वर्षदेखि कुनै अनुदान नपाएको साना कृषकलाई प्राथमिकता दिने।<br>• हरेक स्थानीय तहमा कृषि तर्फ कम्तीमा दश वटा र पशुपंक्षी विकास तर्फ कम्तीमा दश वटा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ तर कुनै स्थानीय तहबाट मापदण्ड बमोजिम माग नआएमा थप कार्यक्रम अन्य स्थानीय तहमा सञ्चालन गर्न बाधा पर्ने छैन।</td><td></td><td></td></tr>
<tr><td>(घ)</td><td>बालीवस्तु विशेष उत्पादन, प्रशोधन तथा बजारीकरण /प्रवर्द्धन कार्यक्रम</td><td>सामुहिक वा एकल रुपमा देहायका बाली/वस्तु तपशिल बमोजिमको न्यूनतम् मापदण्ड पुरा गर्नु पर्नेछः
<table>
<tr><th>बाली/वस्तु</th><th>तराई</th><th>पहाड</th></tr>
<tr><td>उखु (हे.)</td><td>०.५</td><td>०.३</td></tr>
<tr><td>च्याउ (कि.ग्रा.बीउ प्रयोग)</td><td>१००</td><td>१००</td></tr>
<tr><td>कफि (रो.)</td><td>०.२५</td><td>०.२५</td></tr>
<tr><td>मह (मे.टन.)</td><td>५</td><td>२</td></tr>
</table></td><td>• कफि, उखु, च्याउ, मह, अदुवा/बेसार, बदाम, ड्रागन फल, परवर, अंगुर आदि बाली तथा बस्तु उत्पादन, सङ्कलन प्रशोधन तथा बजारीकरणका आवश्यक कृयाकलापहरु, समाग्रीहरु तथा उपकरणरू<br>• आवश्यक पर्ने कृषि औजार उपकरण सामग्री खरिद<br>• बाली तथा बस्तु अनुसार उत्पादन,</td><td>बजेटको परिधि भित्र रही कुल लागतमा ५० प्रतिशत वा उल्लेखित रकम मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने।
<table>
<tr><th>बाली/बस्तु</th><th>अधिकतम रकम रु.</th></tr>
<tr><td>उखु/कफि/ बदाम/ परवर/ तरकारी/ लसुन प्याज/ स्थानीय</td><td>१ लाख</td></tr>
</table></td></tr>
</table>

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

बिजय बहादुर यादव
मन्त्री

| क.सं. | कार्यक्रम | मापदण्ड | | | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशत) | |
|---|---|---|---|---|---|---|---|
| | | अदुवा/बेसार (रो.) | ५ | ५ | प्रशोधन तथा बजारीकरण हुने कृषि औजार उपकरण सामग्री खरिद। | आलु/ रैथाने बाली/ बगर/ अन्य बाली (प्रति हे.) | |
| | | ड्रागन फल (रो.) | ०.५ | ०.३ | | च्याउ (१०० कि.ग्रा. बीउ प्रयोग) | १ लाख |
| | | रेशम खेती (रो.) | ५ | ३ | | मह (१ मे.टन.) | १ लाख |
| | | बदाम (रो.) | ५ | ५ | | अदुवा/बेसार (प्रति हे.) | २ लाख |
| | | जडिबुटि (हे.) | १ | १ | | ड्रागन फल (प्रति रो.) | १ लाख |
| | | परवर / तरकारी (कठ्ठा) | १० | ७ | | रेशम खेती (प्रति हे.) | १ लाख |
| | | लसुन /प्याज(रो.) | २ | १.० | | जडिबुटि (प्रति हे.) | १ लाख |
| | | मौरी गोलासहित (घार) | २० | २० | | मौरी प्रति योजना | १ लाख |
| | | अन्य (हे.) | १ | १ | | अलैची / स्ट्रबेरी/अङ्गुर (प्रति रो.) | १ लाख |
| | | अलैची (रो.) | - | १० | | | |
| | | स्ट्रबेरी (रो.) | १ | १ | | | |
| | | स्थानीय आलु (हे.) | १ | १ | | | |
| | | अङ्गुर (रो.) | १० | ८ | | | |
| | | रैथाने बाली (हे.) | १ | १ | | | |
| | | बगरखेती (हे.) | ०.५ | ०.५ | | | |

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशत) |
|---|---|---|---|---|
| (ङ) | च्याउ ग्राम स्थापना अनुसरण (फ्लो अप) समेत | विगत देखि च्याउ खेति गरी च्याउ ग्राम स्थापना गरेका कृषक समुह वा संस्था। | • प्रशोधन तथा बजारीकरण सहयोगका लागि आवश्यक अन्य सामग्रीहरु जस्तै ढुवानी साधन ।<br>• ग्रेडिंग, प्याकेजिङ, लेबलिङ्ग तथा उत्पादन प्रवर्धन सहयोग। | • बार्षिक बजेटको परिधिभित्र रही लागतको बढीमा ५० प्रतिशत अनुदान उपलब्ध गराइने। |
| (च) | सिंचित क्षेत्र लक्षित कृषि विकास कार्यक्रम | • सिंचित क्षेत्रमा बसन्ते मौसमका मकै वा चैते धान वा तरकारी वा स्थान विशेष महत्वका बाली तपशिल न्यूनतम् क्षेत्रफलमा कार्यक्रम सञ्चालन गर्नु पर्ने।<br>बाली: तराई / पहाड<br>बाली (हेक्टर): १ / ०.५<br>• बाली उत्पादन गर्दा एकै कलष्टरमा एकल वा सामुहिक खेती गर्नु पर्ने।<br>• बाली सघनता बढाउने योजनालाई प्राथमिकता दिने। | • बाली उत्पादन, प्रशोधन तथा बजारीकरणमा प्रयोग हुने सामग्रीहरू। | स्वीकृत बजेटको परिधि भित्र रही कुल लागतमा बढीमा ५० प्रतिशत वा प्रति हे अधिकतम रु. १ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने। |
| (छ) | च्याउ उद्योग स्थापना र सञ्चालन (सिताके, कन्य, अन्य) | • च्याउ उत्पादन, तथा प्रशोधन उद्देश्य लिइ प्रचलित नियमानुसार दर्ता भएको हुनु पर्ने।<br>• बार्षिक ५०० कि.ग्रा. बीउ प्रयोग गरी उत्पादन व्यवसाय गर्ने।<br>• प्रस्ताव तयार गर्दा भौतिक पुर्वाधार निर्माणको | • उच्च प्रविधियुक्त च्याउ घर/च्याउको टहराहरु निर्माण/सुधार ।<br>• ग्रेडिंग, प्याकेजिङ तथा लेबलिङ्ग।<br>• प्रशोधन तथा बजारीकरण सहयोगका लागि आवश्यक अन्य सामग्रीहरु चिस्याउने तथा सुकाउने मेसिनरीहरु | बार्षिक बजेट/कार्यक्रमको परिधिभित्र रही बढीमा ५० प्रतिशत रकम अनुदान दिने। |

(च) table within मापदण्ड:

| बाली | तराई | पहाड |
|---|---|---|
| बाली (हेक्टर) | १ | ०.५ |

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशत) |
|---|---|---|---|---|
| | | डिजाईन, लागत ईष्टिमेट, [illegible] उपकरणहरुको स्पेसिफिकेसन, कच्चा पदार्थको व्यवस्था, लगानीको श्रोत, अनुदान माग गरेको रकम सहितको ब्यसायिक योजना हुनुपर्ने। | • बजारीकरणको लागि ढुवानी साधन | |
| (ज) | कृषि पर्यटन लक्षित कृषि तथा पशुपंक्षी उत्पादन कार्यक्रम | • कृषि पर्यटन सञ्चालन गर्ने उद्धेश्य राखेको संस्था वा समुह हुनु पर्ने।<br>• स्थानीय स्तरमा कृषि तथा पशुपंक्षी उत्पादन कार्य योजना पेश गरेको हुनु पर्ने।<br>• स्थानीय र प्राङ्गारिक उत्पादन योजनालाई प्राथमिकता दिनु पर्ने। | • कृषि तथा पशुपंक्षी उत्पादन पूर्वाधार निर्माण<br>• कृषि पर्यटन सञ्चालन गतिविधिहरू। | • प्रति आयोजना बढीमा ५० प्रतिशत वा अधिकतम रू. ५ लाखमा जुन कम हुन आउछ त्यही रकममा अनुदान उपलब्ध गराउने।<br>• स्थानीय तहसँग साझेदारी गर्न सकिने। |
| (झ) | जैविक विविधता संरक्षण तथा सम्वर्धन कार्यक्रम | स्थानीय बालीहरू संरक्षण गरी अन्य घुसुवा बाली, मिश्रित बाली, अन्तर बाली लगाएको हुनु पर्ने, दलहन बालीहरूलाई प्राथमिकता दिएको हुनुपर्ने। | • स्थानीय बालीको बीउ खरिदमा अनुदान<br>• बाली उत्पादन, विविधिकरण तथा बजारीकरण सामग्री उपकरण (डिजिटल तराजु, बोरा खरिद तथा छपाई, बोरा सिउने मेसिन, लेबलिङ्ग, प्याकेजिङ्ग गर्ने वस्तु एवं मसिन र कुटानी पिसानी मेसिन आदि) मा खरिदमा अनुदान सहयोग | कार्यक्रमको लागि स्वीकृत कार्ययोजनाको कुल लागतमा बढीमा ५० प्रतिशत वा प्रति हेक्टर अधिकतम रु. १ लाखमा जुन कम हुन आउछ त्यही रकममा अनुदान उपलब्ध गराउने। |

बिजय बहादुर यादव
मन्त्री

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशत) |
|---|---|---|---|---|
| (ञ) | संघ संस्थाको सहकार्यमा कृषकहरूका जातहरूका सम्बर्धनका लागि बीउ पूंजी कोष परिचालन | • सामुहिक रूपले स्थानीय रैथाने जातहरूको बीउ उत्पादन गरी ती जातहरूको सम्बर्धन तथा बजारीकरण गरिरहेका समूह/सहकारी हुनु पर्ने।<br>• संस्थागत कार्ययोजना तथा बीउ पूंजी कोष परिचालन विधि बनाई संचालन गर्नु पर्ने।<br>• यस्तो कार्य गर्न संघ संस्थासँग लाग साझेदारी गर्न सकिने । | • बीउ पूंजी घुम्ती कोष स्थापना तथा सञ्चालन गर्ने।<br>• एकपटक अनुदान दिने र सामुहिक कोष स्थापना गर्ने।<br>• व्यवस्थित अभिलेख निर्देशनालयमा समेत राख्ने । | प्रति समुह वा संस्था अधिकतम रू. ५ लाख प्रदान गर्ने। |
| (ट) | मौरी विकास तथा प्रवर्धन कार्यक्रम (स्थानीयतहको लागत सहभागितामा) | • मौरी व्यवसाय सम्बन्धी उद्देश्य राखी दर्ता भएको, अनुभव वा तालिम लिएका, कम्तीमा १०० घार मौरी पालन गरेको, स्थानीय तहसंगको समन्वयमा सामुहिक रूपमा मौरी व्यवसाय गर्ने समुह वा संस्थालाई प्राथमिकता दिनु पर्ने,<br>• मौरी सहितको कम्तीमा थप १००० गोला मौरी पालन विस्तार गर्न सक्ने हुनुपर्ने।<br>• मौरी स्रोत केन्द्रको रूपमा प्रशोधन, प्याकेजिङ्ग, बजारीकरण सम्बन्धी कार्य गर्नु पर्ने।<br>• जिल्ला स्थित कृषि कार्यालयको वा स्थानीय तहको समन्वयमा नमुना प्रर्दशन, तालिम तथा | • आधार चाका, प्याकेजिङ्ग, लेबलिङ्ग र प्रशोधन उपकरण (मह, कुट र मैन) तथा अन्य आवश्यक उपकरण खरिद,<br>• उन्नत रानु खरिद, रानु उत्पादन, रोयल जेली उत्पादन, मौरी विष उत्पादन, प्रोपोलिस, मैन उत्पादन तथा विविधिकरण<br>• मौरी पालन सम्बन्धी यन्त्र तथा उपकरण खरिद,<br>• मौरी चरन क्षेत्र विस्तार<br>• मह प्रशोधन, प्याकेजिङ्ग, बजारीकरण सम्बन्धी कार्य | • कुल लागतको बढीमा ५० प्रतिशत वा बार्षिक स्वीकृत बजेटको परिधिभित्र रही अनुदान उपलब्ध गराईने।<br>• सम्बन्धित स्थानीय तहसंगको लागत सहभागितामा गर्न सकिने तर लाभग्राहीले कम्तीमा १५ प्रतिशत लगानी गरेको हुनु पर्ने। |

बिजय बहादुर यादव
मन्त्री

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशत) |
|---|---|---|---|---|
| | | अन्य सेवा प्रदान गर्नु पर्ने।<br>• उत्पादन, प्रशोधन तथा बजारीकरण कार्य गर्नु पर्ने। | • मौरी घार सहित मौरी खरिद।<br>• मौरी बेच्ने आउटलेट निर्माण। | |
| (ठ) | डुवान क्षेत्र लक्षित कार्यक्रम | • बाढी कटान, डुवान क्षेत्रमा वर्षा पछीको उपयुक्त बालीवस्तुलाई प्राथमिकता दिई सञ्चालन गरिनु पर्ने।<br>• स्थानीय तह वा जिल्लाको विपद व्यवस्थापन समितिको निर्णय बमोजिम कृषकको पहिचान गरी कार्यालयले कार्यक्रम संचालन गर्ने। | कार्यक्रमले सम्बोधन गर्ने क्षेत्रहरुः बीउ, उत्पादन सामग्रीहरू। | बजेटको परिधिभित्र रही कार्यालयले ८५ प्रतिशत अनुदानमा उपलब्ध गराउने। |
| (ड) | कफि उत्पादन, प्रशोधन तथा बजारीकरण | • कफि उत्पादन तथा प्रशोधन उद्देश्य लिइ प्रचलित नियमानुसार दर्ता भएको संस्था हुनु पर्ने।<br>• एकल वा सामूहिक रुपमा खेती गर्न सकिने।<br>• कम्तीमा ५ रोपनी क्षेत्रफलमा कफि लगाएको।<br>• थप १ हे. क्षेत्रफल विस्तार गर्ने, कफि, संकलन, प्रशोधन तथा प्याकेजिङ्ग गरी बजारीकरण गर्ने योजना भएको।<br>• उत्पादनको ब्राण्डिङ गर्नुपर्ने । | • कफि प्रशोधन उपकरण ।<br>• ग्रेडिंग, प्याकेजिङ तथा लेबलिङ्ग सामग्री।<br>• कफि सेड यवस्थापन।<br>• प्रशोधन तथा बजारीकरण सहयोगका लागि आवश्यक अन्य सामग्रीहरु । | बार्षिक बजेट/कार्यक्रमको परिधिभित्र रही बढीमा ५० प्रतिशत रकम अनुदान दिने। |
| (ढ) | राइपेनिङ सेन्टर लक्षित | • स्थानीय स्तरमा उत्पादनमा भएको केरालाई प्राथमिकता दिई केरा पकाउने प्राविधि | • राइपेनिङ्ग सेन्टर लक्षित केरा पकाउने कोठा/ उपकरण/ केरा | बार्षिक बजेट/कार्यक्रमको परिधिभित्र रही बढीमा ५० प्रतिशत रकम |

प्रदेश सरकार लुम्बिनी प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मुकाम बुटवल

विजय बहादुर यादव
मन्त्री

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशत) |
|---|---|---|---|---|
| | गोदाम घर निर्माण | अपनाएको संस्था वा फर्म।<br>• राइपेनिङ्ग सेन्टर लक्षित केरा पकाउने कोठा/ उपकरण/ केरा गोदाम घर तथा अन्य निर्माण योजना भएको । | गोदाम घर तथा अन्य निर्माण गर्नु पर्ने। | अनुदान दिने। |
| (ण) | आलुको पिबिएस दाना उत्पादनका लागि तन्तु प्रजनन (टिस्यु कल्चर) प्रयोगशाला स्थापना/सुदृढिकरण | बार्षिक कम्तीमा २० हजार पि वि एस दाना उत्पादन गर्ने र हरेक वर्ष दाना उत्पादन बृद्धि गर्ने योजना हुनु पर्ने।<br>प्रयोगशाला निर्माण वा सुदृढिकरण गर्नु पर्ने।<br>तन्तु प्रजनन् सम्बन्धी विज्ञको व्यवस्था भएको हुनु पर्ने। | • आलु पि वि एस दाना तयार पार्ने घर/टहराहरु, ग्रिन हाउस, नेट हाउस, कुलिङ सिस्टम निर्माण/सुधार।<br>• आलुको पि वि एस दाना प्रमाणिकरण।<br>• अन्य आवश्यक मेसिनरी, औजार उपकरण खरिद । | • बजेट/कार्यक्रमको परिधिभित्र रही ५० प्रतिशत रकम अनुदान दिने। |
| ४ | अन्य कृषि कार्यक्रम | | | |
| (क) | खाद्यान्न बीउ प्रशोधन तथा पूर्वाधार निर्माण सहयोग | • निजी उद्यमी वा कृषक समुह तथा कृषि सहकारीले आवेदन दिन सक्ने।<br>• बार्षिक न्यूनतम २० मे टन खाद्यान्न बालीको प्रमाणित बीउ उत्पादन गरेको हुनु पर्ने।<br>• कम्तीमा ३ बर्ष देखि खाद्यान्न बालीको बीज बृद्धि कार्यमा संलग्न भएको हुनु पर्ने ।<br>• पुर्वाधार निर्माणका लागी कम्तीमा ३ कट्ठा जमिन आवेदकको स्वामित्वमा रहेको हुनु पर्ने। | • खाद्यान्न बीउ प्रशोधनका लागी आवश्यक औजार उपकरण खरिद।<br>• गोदाम घर निर्माण।<br>• थ्रेसिङ्ग फ्लोर निर्माण<br>• अन्य पूँजिगत सूधार आदि | प्रति अनुदानग्राही अधिकत रु २५ लाख वा स्वीकृत कार्ययोजनाको कुल लागतको निजी उद्यमीको हकमा ५० प्रतिशत र समुह वा सहकारीको हकमा ७५ प्रतिशत मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने। |

विजय बहादुर यादव
मन्त्री

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशत) |
|---|---|---|---|---|
| (ख) | सामुदायिक बीउ बैंक/ भण्डार गृह/ नक्ष संरक्षण केन्द्र सहयोग | • कृषक समुह तथा कृषि सहकारीले आवेदन पेश गर्न सक्ने<br>• बार्षिक न्यूनतम १० मे टन खाद्यान्न बालीको प्रमाणित बीउ उत्पादन गरेको हुनु पर्ने<br>• पुर्वाधार निर्माणका लागी कम्तीमा २ कठ्ठा जमिन आबेदकको स्वामित्वमा रहेको हुनु पर्ने।<br>• गोदामघर, प्रशोधन सामग्री, खलियान आदि | • खाद्यान्न बीउ प्रशोधनका लागी आवश्यक औजार उपकरण खरिद,<br>• गोदाम घर निर्माण,<br>• थ्रेसिङ्ग फ्लोर निर्माण।<br>• अन्य पूँजिगत सूधार आदि।<br>• कृषकलाई सामूहिक बीउ उत्पादन, सङ्कलन, प्रशोधन तथा सुरक्षित भण्डारणमा टेवा पुऱ्याउने र समुदायद्वारा व्यवस्थित गर्ने।<br>• औपचारिक गुणस्तर नियन्त्रण पद्दति अपनाइ उन्नत जातको बीउ उत्पादन तथा बिक्री वितरणको व्यवस्था मिलाउने। | प्रति अनुदानग्राही अधिकतम रु ३ लाख वा स्वीकृत कार्ययोजनाको कुल लागतको ७५ प्रतिशत मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने। |
| (ग) | सामाजिक परिचालनका लागी संघ संस्थासंगको सहकार्यमा कार्यक्रम सञ्चालन | • कृषि विकास तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तीमा ३ बर्ष अनुभव भएको गैर सरकारी वा सामाजिक संस्था मार्फत जिल्ला स्थित कृषि विकास कार्यक्रम सञ्चालनमा सहयोग गर्ने।<br>• कृषि उत्पादन, स्वस्थ्य तथा संतुलित उपभोग, युवा उद्यमशिलता लगायत सामाजिक विकासका आयामहरु समेटिने गरी कार्यक्रम सञ्चालन गरिने। | • जिल्ला स्थित कृषि विकास कार्यक्रम सञ्चालनमा सहयोग गर्ने।<br>• संस्थागत विकासमा सहयोग।<br>• सूचना केन्द्र वा हेल्प डेस्कमा जनशक्ति ब्यवस्थापन गरी सहयोग गर्ने।<br>• आवश्यक मसलन्द, संचार र अन्य खर्च ब्यवस्थापन गर्ने। | बार्षिक बजेट र निर्देशनायबाट स्वीकृत कार्ययोजनाको परिधिभित्र रही बढिमा ७५ प्रतिशत रकम उपलब्ध गराईने। |

बिजय बहादुर यादव
मन्त्री

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशत) |
|---|---|---|---|---|
| | | • सहायक स्तरको आवश्यक कर्मचारी व्यवस्थापन गरी खटाउने।<br>• विगतका वर्षहरुमा छनोट भई काम गरी रहेका संस्थाहरूको काम सन्तोषजनक लागेमा कार्यालयले निर्णय गरी निरन्तरता दिन सकिने। | • समुदायमा सुचना प्रवाह र सचेतना फैलाउने। कार्यक्रमहरुमा सहयोग गर्ने। | |
| (घ) | फलफूल बगैचा सुदृढिकरण | • कार्यालयले जिल्लास्थित व्यवसायिक फलफुल बगानको उत्पादकत्व बृद्धि गर्न काँटछाँट, रोग निदान तथा व्यवस्थापन सहयोग सञ्चालन गर्ने।<br>• कम्तीमा ०.५ हे. बगैंचा सुदृढिकरण गरी नमुना बगैंचा बनाउनु गर्नु पर्ने। | • बगैंचाको काटछाँटका लागि सिकेचर, आरी, विडर, स्प्रेयर लगायतको औजार/उपकरण खरिद।<br>• सिंचाई सामग्री तथा उपकरण खरिद<br>• फ्रुट फ्लाइको लागि ट्र्याप, ढुसीनासक, कीट नासक खरीद।<br>• अन्य आवश्यक सामग्री तथा प्राविधिक सेवा। | • प्रचलित दर रेटमा लागत इष्टिमेट स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।<br>• प्रति कार्यक्रमका लागि अधिकतम रू ५० हजार खर्च गर्न सकिने। |
| (ङ) | नवीनतम/साना सिंचाई सहयोग सहित कृषि उत्पादन कार्यक्रम | • साना सिचाई पूर्वाधार निर्माण तथा सुधार गरी ब्यावसायिक खेति गर्नु पर्ने।<br>• खाद्यान्न/दलहन/तेलहनका लागि १ हे.।<br>• तरकारी खेती वा फलफूलका लागि ०.५ हे.।<br>• उत्पादन कार्यको लगानी कृषक स्वयंले गर्नु पर्ने। | • नवीनतम सिंचाई, सोलार सिंचाई, थोपा सिंचाइका बोरिङ्ग, पम्पसेट, मोटर, पाइप,ड्रिप तथा स्प्रिङ्कलर जस्ता प्रविधिका लागि समाग्री खरिद तथा कुलो, साना नहर, पोखरी, स्यालो ट्युवेल निर्माण तथा मर्मतका लागि सिमेन्ट, बालुवा, रड, निर्माण खर्च । | • प्रति आयोजना बढीमा २.५ लाख वा कुलो नहर, पोखरी जस्ता सामुदायिक प्रयोजनामा आउने पूर्वाधार निर्माणमा अधिकतम ७५ प्रतिशत र अन्यको हकमा ५० प्रतिशत अनुदान। |

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशत) |
|---|---|---|---|---|
| (च) | प्राङ्गारिक मलमा अनुदान कार्यक्रम | कुल परिमाण आकलन गरी समुह/सहकारी/फार्म/कम्पनीबाट प्राङ्गारिक मलको मागका लागि आवेदन दिनु पर्ने। मापदण्ड पूरा गरेको सूचिकृत प्राङ्गारिक मलमा अनुदान दिने। | प्राङ्गारिक मलको माग संकलन। सूचिकृत प्राङ्गारिक मल खरिद (ढुवानी सहित)। | स्वीकृत बजेटको परिधिभित्र रही बढीमा ८५ प्रतिशत सूचिकृत प्राङ्गारिक मलमा अनुदान दिने। |
| (छ) | मध्यवर्ती क्षेत्रका लागि कृषि विकास कार्यक्रम | • राष्ट्रिय निकुञ्ज वा सामुदायिक वन वा संरक्षित क्षेत्र आसपासमा पर्ने कृषकहरूलाई सम्बोधन गर्ने।<br>• स्थानीय तहबाट माग भएका क्षेत्रमा लक्षित गरी कार्यक्रम संचालन गर्न सकिने। | • जंगली जनावरबाट सुरक्षित हुने बाली तथा बस्तु छनौट गर्ने।<br>• बाली तथा बस्तु उत्पादन तथा भण्डारण सुरक्षित यन्त्र उपकरण सहयोग तथा प्रविधि प्रदर्शन । | • बार्षिक बजेटको परिधि भित्र रही अधिकतम ७५ प्रतिशत अनुदान। |

द्रष्टव्यः

(क) समग्र जिल्लास्तर कृषि विकास कार्यक्रम सञ्चालनका लागि अनुसूची-२ मा उल्लेखित कागजातहरु अनिवार्य पेश गर्नुपर्नेछ।

(ख) स्वीकृत कार्ययोजनाका क्रियाकलापहरुमा प्रचलित दररेट अनुसार सामग्री तथा अन्य सेवा खरिद गरेका अनुदानग्राहीहरुलाई मात्र अनुदान रकम प्रवाह गर्नुपर्नेछ।

(ग) अनुदानित मल, गोठेमल, आफ्नो घरमा प्राप्त हुने सामग्री र पारिवारीक श्रमको हकमा अनुदान रकम उपलव्ध गराईनेछैन।

(घ) माथि उल्लिखित कार्यक्रमहरू कार्यलायले ढाँचा (डिजाइन) तथा ईष्टिमेट लगायतका प्राविधिक पक्षमा सहयोग एवम् मूल्याङ्कन गरी बार्षिक बजेटको परिधिभित्र रही कार्यक्रम संचालन गर्नु पर्नेछ।

(ङ) माथि उल्लेख नभएका ५ लाख सम्मका परियोजना तथा कार्यक्रमहरू सम्बन्धित कार्यालयको निर्णयबाट कार्ययोजना तयार पारी स्वीकृत गरी संचालन गर्नु पर्ने, ५ देखि १० लाखका परियोजना तथा कार्यक्रमहरू कार्ययोजना तयार पारी सम्बन्धित निर्देशनालयको स्विकृतीबाट संचालन गर्नु पर्ने र १० लाखभन्दा ठूला परियोजना तथा कार्यक्रमहरू कार्ययोजना तयार पारी मन्त्रालयको स्विकृतीबाट संचालन गर्नु पर्नेछ।

विजय बहादुर यादव
मन्त्री

(च) माथि उल्लिखित अनुदान प्रतिशत जे भएता पनि उत्पादन सामग्री तथा यन्त्र उपकरणमा दिइने अनुदान रकममा एकरूपता ल्याउन प्राविधिक स्पेसिफिकेशन तोकी बजारमूल्य अध्ययन गरी कार्यक्रम व्यवस्थापन समितिले मूल्य निर्धारण गरी अनुदान रकम निश्चित गर्न सक्नेछ।

(छ) विदेशबाट बीउविजन/बिरुवा आयात गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने भएमा सम्बन्धित विज्ञहरु सहितको प्राविधिक टोली गठन गरी उक्त टोलीले सिफारिस गरेको प्राविधिक मापदण्ड बमोजिम आयात गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(ज) स्थायी संरचना निर्माण गर्दा एक रुपता कायम गर्न र लागत प्रभावकारी बनाउन सम्बन्धित कृषि अनुसन्धान केन्द्रको सिफारिस प्रविधिको आधार एवम् सम्बन्धित निर्देशनालयको स्वीकृत मापदण्ड अनुसारको ढाँचा (डिजाइन) तथा ईष्टिमेट अनुसार निर्माण गर्नुपर्नेछ।

परिच्छेद -३

## कार्यक्रम सञ्चालन प्रक्रिया

६. **प्रस्ताव मागः** कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार अनुसूची-१ को ढाँचामा कम्तीमा १५ दिनको सूचना प्रकाशन तथा प्रसारण गरी उद्यमी कृषक/निजी फर्म/समूह/सहकारी/कम्पनीहरुसँग प्रस्ताव माग गर्नेछ।

तर, प्रविधि विकास, विस्तार तथा सेवाटेवा कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा कार्यालयले सेवाग्राही छनौट गरी स्वीकृत कार्ययोजना अनुसार कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

७. **प्रस्ताव पेशः** सूचनामा तोकिए बमोजिमको कागजात सहित दफा ६ मा उल्लेखित कार्यक्रमहरुमा मापदण्ड पुगेका ईच्छुक प्रस्तावकले अनुसूची-२ को निवेदनको ढाँचा सहित तोकिए बमोजिमको कार्यालयहरुमा अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ।

८. **प्रस्ताव मूल्याङ्कन र सिफारिसः** (१) प्रारम्भिक छनौटबाट स्वीकृत भएका प्रस्तावहरुको स्थलगत प्रमाणीकरण गर्नको लागि कार्यालयले कार्यदल बनाई कर्मचारी खटाउन सक्नेछ।

(२) कार्यदलले स्थलगत प्रमाणीकरण गरी अनुसूची-४ वमोजिम प्रस्ताव मूल्याङ्कनका आधारमा प्राथमिकताक्रम तयार गरी दफा १२ बमोजिमको कार्यक्रम ब्यवस्थापन समिति समक्ष स्वीकृतिका लागि मेरिट लिष्ट तयार गरी सिफारिस गर्नुपर्नेछ।

(३) कार्यक्रम ब्यवस्थापन समितिबाट स्वीकृति भएका आयोजनाहरू प्राथामिकताका आधारमा राखी बैकल्पिक आयोजनाहरू समेत सूचीमा समावेश गर्नु पर्नेछ।

९. **सम्झौता प्रक्रियाः** (१) छनौट भएका अनुदानग्राहीलाई कम्तीमा ७ दिनको म्याद दिइ सम्झौताको लागि सूचना गर्नुपर्नेछ ।

(२) प्रस्तावकले पेश गरेको क्रियाकलाप र कार्ययोजना कार्यालयले वार्तालाप गरी आवश्यक संशोधन सहित अनूसूची-५ वमोजिम ढाँचामा सम्झौता गरी सम्बन्धित अनुदानग्राहीलाई कायदिश दिनुपर्नेछ। गर्नुपर्नेछ ।

(३) छनौट भएका अनुदानग्राही तोकिएको म्याद भित्र सम्झौताको लागि नआएमा कार्यालयले बैकल्पिक अनुदानग्राहीसंग सम्झौता गर्न सक्नेछ ।

(४) उक्त वैकल्पिक सूचीबाट समेत कार्यक्रम संचालन गर्न संभव नभएमा निर्देशनालयको स्वीकृतिमा पुनः सूचना गर्न सकिनेछ ।

## परिच्छेद-४

## समिति सम्बन्धी व्यवस्था

१०. **निर्देशक समितिः** (१) कार्यक्रम सञ्चालनको लागि आवश्यक नीति तथा निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछ :-

| | | | |
|---|---|---|---|
| (क) | मन्त्री | मन्त्रालय | अध्यक्ष |
| (ख) | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| (ग) | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (घ) | सचिव | मन्त्रालय | सदस्य |
| (ङ) | प्रमुख | कृषि विकास निर्देशनालय | सदस्य |
| (च) | प्रमुख | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (छ) | मन्त्रालयका सबै महाशाखा प्रमुखहरु | | सदस्य |
| (ज) | प्रमुख | योजना तथा अनुगमन महाशाखा | सदस्य सचिव |

(२) समितिको बैठक आवश्कतानुसार बस्नेछ र समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

११. **कार्यक्रम कार्यान्वयन समस्या समाधान समितिः** (१) कार्यक्रम सञ्चालनका क्रममा देखिन सक्ने विभिन्न समस्याहरुलाई सम्वोधन गरी कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन तथा कार्यक्रम कार्यान्वयनका क्रममा आइपर्ने समस्या समाधान गर्नका लागी देहाय बमोजिमको समिति गठन हुनेछ :-

| | | | |
|---|---|---|---|
| (क) | प्रमुख | कृषि विकास निर्देशनालय | अध्यक्ष |
| (ख) | प्रमुख | योजना महाशाखा, मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख | खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा, मन्त्रालय | सदस्य |
| (घ) | प्रमुख/प्रतिनिधि | कोष तथा लेखा हेर्ने कार्यालय | सदस्य |
| (ङ) | प्रमुख | विषयगत शाखा, कृषि विकास निर्देशनालय | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) कार्यक्रम कार्यन्वयनका क्रममा आउने विभिन्न किसिमका बाधा अड्चन तथा समस्याहरुलाई समाधान गर्नको लागी आवश्यक सहजिकरण गरि कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक निर्देशन दिने र नीतिगत व्यवस्था तथा समस्या समाधान सम्बन्धमा निर्देशक समितिमा लैजानुपर्ने अवस्थामा सो को लागी सहजिकरण गर्ने कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार हुनेछ।

१२. **कार्यक्रम व्यवस्थापन समितिः** (१) कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछ :-

क) कार्यक्रम सञ्चालन गर्ने निकायको प्रमुख -संयोजक

ख) सम्बन्धित जिल्ला हेर्ने कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख वा निजले तोकेको प्रतिनिधि -सदस्य

ग) अध्यक्ष वा प्रतिनिधि, जिल्ला कृषि सहकारी संघ -सदस्य

घ) प्रमुख, आर्थिक प्रशासन शाखा -सदस्य

ङ) अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समितिको कार्यालय -सदस्य

च) प्रतिनिधि, विषयगत जिल्ला स्थित संघीय कार्यालय -सदस्य

छ) सम्बन्धित शाखा प्रमुख -सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकतानुसार बस्नेछ र समितिले आवश्यक ठानेमा बैठकमा बढीमा दुईजनासम्म विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ।

१३. **कार्यक्रम व्यवस्थापन समितिको काम कर्तब्य र अधिकारः** कार्यक्रम ब्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम मूल्यांकनका आधार परिमार्जन गर्न आवश्यक देखिएमा विस्तृतीकरण गरी अनुमोदन गर्ने,

(ख) मूल्याङ्कन भई सिफारिस भएका कार्यक्रम प्रस्तावहरु स्वीकृत गर्ने,

(ग) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्ने,

(घ) प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालालाई राय सुझाव दिने,

(ङ) प्रस्ताव र मूल्याङ्कनका सूचक/आधारहरुको ढाँचामा संशोधन गर्नुपरेमा निर्देशनालयबाट स्वीकृति लिई गर्न सक्ने।

(च) समस्या सामाधान तथा सहजिकरण गर्ने।

## परिच्छेद-५

## अनुदानित कार्यक्रमको भुक्तानी प्रकृया तथा लेखा परीक्षण

१४. **अनुदान रकमको भुक्तानी प्रक्रियाः** (१) व्यक्तिगत रुपमा अनुदान प्रास गर्ने कृषक वा फर्म वा कम्पनी वा समूह, सहकारीका सदस्यहरुबाट सञ्चालन हुने कार्यक्रमको हकमा सम्झौतामा उल्लेख भएको कार्ययोजना अनुसार स्वीकृत बजेट सिमाभित्र रही अनुदानग्राहीले खरिद गरेको सक्कल बिल भर्पाइ लगायतका आवश्यक कागजात र कार्यप्रगतिको आधारमा भुक्तानी गर्न सकिनेछ ।

(२) पूर्वाधार निर्माण तथा यन्त्र उपकरण खरिद जस्ता पूँजिगत अनुदान खर्चमा भैपरी (कन्टिन्जेन्सी) नियमानुसार काटी खर्च गर्न सकिनेछ।

(३) भुक्तानी माग भएपछि कार्यालयले तोकेको प्राविधिकबाट कार्य प्रगतिको अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि बढीमा दुई किस्तामा सेवाग्राहीको बैंक खातामा भुक्तानी गरिनेछ।

(४) कम्तीमा ५० प्रतिशत कार्य सम्पन्न भएपछि मात्र पहिलो किस्ता भुक्तानी गरिनेछ ।

(५) उपदफा (३) मा जे सुकै लेखिएको भएपनि दुई किस्तामा अनुदान प्रदान गर्दा कार्यक्रमको उद्देश्य हासिल हुने सुनिश्चितता भएमा सो भन्दा कम वा वढी किस्तामा समेत अनुदान रकम निकासा वा भुक्तानी गर्न सकिनेछ ।

(६) अनुदानग्राहीलाई पेश्की उपलब्ध गराइनेछैन।

(७) अन्तिम किस्ताको रकम निकासा गर्दा अन्तिम किस्ता भन्दा अगाडिका किस्तामा भएको कामको वित्तीय प्रगित तथा पूवार्धारको हकमा भौतिक प्रगति, अन्तिम किस्तामा भएको कामको प्रगति, सम्बन्धित प्राविधिकको निरिक्षण सहितको पुष्ट्याइंको प्रतिवेदन, पाँच लाख भन्दा बढि अनुदानको हकमा सार्वजनिक सुनुवाई प्रतिवेदन, कार्यसम्पन्न एवं कार्यस्वीकृत प्रतिवेदन हेरी जिम्मेवार निकायले आवश्यक ठानेका अन्य कुराहरु समेतको विश्लेषण गरी बजेटको परिधिभित्र रही अर्को आर्थिक वर्षलाई दायित्व बाँकी नरहने गरी निकासा तथा भुक्तानी गर्नुपर्नेछ।

(८) सम्झौता अवधी भित्र कार्यसम्पन्न गरी भुक्तानी मागी सकेको हुनुपर्नेछ।

१५. <u>अनुदानित कार्यक्रमको लेखा तथा लेखापरीक्षणः</u> अनुदानित कार्यक्रमको लेखा राख्ने तथा लेखापरीक्षण गर्दा प्रचलित कानूनको पूर्ण पालना गर्नुपर्नेछ।

## परिच्छेद-६
## विविध

१६. <u>अनुगमन तथा मूल्याङ्कनः</u> (१) सञ्चालित कार्यक्रमहरु पारदर्शी र प्रभावकारी रूपमा भए नभएको सम्बन्धमा सम्बन्धित निकायले समय समयमा अनुगमन गर्नुपर्नेछ ।

(२) अनुदानग्राहीले अनुदानबाट सञ्चालित परियोजनाको प्रगति आवश्यकता अनुसार चौमासिक तथा बार्षिक रुपमा सम्बन्धित कार्यालयमा बुझाउनुपर्नेछ ।

१७. <u>जवाफदेहीता तथा जिम्मेवारीः</u> अनुदान रकम खर्चको समष्टिगत जवाफदेहिता तथा जिम्मेवारी प्रचलित कानून बमोजिम सम्बन्धित लेखा उत्तरदायी अधिकारीमा रहनेछ ।

(२) अनुदान रकम खर्च गर्ने सम्बन्धमा सम्बन्धित अनुदानग्राही समेत जिम्मेवार हुनेछ ।

१८. <u>समन्वय र सहकार्यः</u> कार्यालय वा अनुदानग्राहीले अनुदानबाट सञ्चालन गरिने कार्यक्रम सम्भव भएसम्म नेपाल सरकार र स्थानीय तहसँगको समन्वय र सहकार्यमा गर्नुपर्नेछ ।

१९. <u>सूचना सम्प्रेषणः</u> लक्षित वर्ग समूहको पहुँचमा सूचना प्रवाह हुनेगरी सम्भव भएसम्म एकै पटक श्रावण महिनामा सबै किसिमका मिडिया प्रयोग गरी कार्यालयले सूचना प्रवाह गर्नुपर्नेछ ।

प्रदेश सरकार लुम्बिनी प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बुटवल, नेपाल

विजय बहादुर यादव
मन्त्री

२०. <u>पुरस्कार, सम्मान</u>: (१) अनुदान रकम शर्त अनुरुप कार्यक्रममा प्रयोग गर्ने, कम लागतमा गुणस्तरीय कार्य सम्पादन गर्ने, नियमित प्रतिवेदन गर्ने, समय अगावै कार्य सम्पादन गर्ने उत्कृष्ट अनुदानग्राहीलाई समितिको सिफारिसको आधारमा सम्मान गर्न सक्नेछ।

२१. <u>प्राविधिक जाँचपास गर्नुपर्ने</u>: प्राविधिक जाँचपास गर्नुपर्ने कार्यक्रमको हकमा कार्यक्रम सञ्चालन गर्ने जिम्मेवार निकायले तोकेको परियोजना तथा कार्यक्रमको लागत अनुमान, लेआउट, डिजायन सम्बन्धित विषयको प्राविधिकबाट जाँचपास गराउनु पर्नेछ।

२२. <u>हिसाब फरफारक गर्नुपर्ने</u>: कार्यक्रम सञ्चालन गर्ने निकायले प्रत्येक आर्थिक वर्षको अन्त्यमा अनुदानमा सञ्चालन हुने कार्यक्रमको हरहिसाब फरफारक गर्नुपर्नेछ ।

२३. <u>कारवाहीको व्यवस्था</u>: (१) अनुदान रकमको दुरूपयोग गर्ने, तोकिएको क्षेत्रमा प्रयोग नगर्ने अनुदानग्राहीको बाँकी अनुदान रोक्का गर्ने र भुक्तानी भइसकेको अनुदान असुल गर्ने तथा अन्य अनुदानबाट कट्टा गरिनेछ।

(२) उपदफा (१) बमोजिमका अनुदानग्राहीको नाम नामेसी विवरण समेत सार्वजनिक गरिनेछ।

(३) यसरी असुल तथा कट्टा गर्दा समेत असुली नभएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(४) अनुदानग्राहीले दोहोरो अनुदान नलिएको भनी स्वघोषणा गर्नुपर्नेछ । यदि दोहोरो अनुदान लिएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

२४. <u>खारेजी तथा बचाउ</u> : "जिल्लास्तर कृषि विकास कार्यक्रम सञ्चालन विधि, २०७७" खारेज गरिएको छ। सो सञ्चालन विधि बमोजिम भए गरेका काम कारवाही यसै सञ्चालन विधि बमोजिम भए गरेको मानिनेछ।

२५. <u>बाधा अड्काउ फुकाउ</u>: यस विधि बमोजिम कार्य सञ्चालनका क्रममा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

अनुसूची-१

(दफा ७ सँग सम्बन्धित)

## सूचनाको ढाँचा

प्रथम पटक सूचना प्रकाशन मिति........

चालू आ.व. ...............मा यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार तपसिल अनुसारका कार्यक्रम लागत साझेदारीमा सञ्चालन गर्न इच्छुक व्यक्ती/संस्थाले सूचना प्रकाशित भएको मितिले ....... दिन भित्र (मिति ................ गते भित्र) यस कार्यालयमा देहाय अनुसारको कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, मापदण्ड लगायत आवश्यक विवरणहरु यस कार्यालयबाट वा यस कार्यालयको वेवसाईट ......................... बाट वा सम्बन्धित पालिकावाट समेत प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा जानकारी गराइन्छ। साथै थप जानकारी चाहिएमा यस कार्यालयमा सम्पर्क गर्नुहुन समेत अनुरोध गरिन्छ।

तपसिल

| क्र.स. | कार्यक्रम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

**संलग्न गर्नु पर्ने कागजातहरू:**

१. प्रस्तावकको निवेदन ।

२. दर्ता प्रमाण-पत्रको प्रतिलिपि -समुह/सहकारी/निजी कृषि फर्म/कम्पनीको हकमा)।

३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि (नीजि फर्म/कम्पनी/सहकारी) ।

४. कृषक तथा समूहको हकमा स्थायी लेखा नंवर प्रमाणपत्रको प्रतिलिपी तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी योजना छनौट भै सके पछी सम्झौता गर्नु अघि अनिवार्य रुपमा चाहिने।

५. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव

६. सम्बन्धित स्थानीय तह वा वडाको सिफारिस पत्र

७. अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि

८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि

९. सम्भव भए सम्म लागत अनुमान तथा नक्सा (निर्माण गरिने ठुला पूर्वाधारको हकमा)

१०. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा तोकिएको अवधी भरको जग्गा करार सम्झौता पत्रको प्रतिलिपी

११. जग्गा कर (तिरो) तिरेको रसिदको प्रतिलिपी

नोटः कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित कार्यालयले सूचनाको ढाँचा तथा अवधि थप सहित परिमार्जन गरी प्रकाशन गर्न सक्नेछ ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

अनुसूची-२

(दफा ८ सँग सम्बन्धित)

बिजय बहादुर यादव
मन्त्री

निवेदनको ढाँचा

श्री प्रमुख ज्यू, मिति ..................

कृषि ज्ञान केन्द्र/एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय ..............................,

लुम्बिनी प्रदेश, नेपाल

विषयः ............................... कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको बारे ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति............................. को सूचना अनुसार ................................... कार्यक्रममा सहभागी हुन इच्छुक भएकोले कार्यालयले तोकेको मापदण्ड तथा शर्तहरूको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न निम्न बमोजिका कागजातहरू संलग्न गरी यो निवेदन पेश गरेको छु/ गरेका छौं।

संलग्न कागजातहरु:

१. दर्ता प्रमाण-पत्रको प्रतिलिपि -समुह/सहकारी/निजी कृषि फर्म/कम्पनीको हकमा)
२. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि (नीजि फर्म/कम्पनी/सहकारी) र कृषक तथा समुहको हकमा छनौट भईसकेपछि सम्झौता गर्नु अघि भने अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
३. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव
४. सम्बन्धित स्थानीय तह वा वडाको सिफारिस पत्र
५. अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि
६. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि
७. लागत अनुमान तथा नक्सा (निर्माण गरिने पूर्वाधारको हकमा)
८. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडा भए सम्झौता-पत्रको जग्गाकर तिरेको रसिद सहित प्रतिलिपि ।
९. अनुदानग्राहीले सोही प्रकृतिको कार्यक्रममा विगत तीन वर्ष भित्र अनुदान रकम नपाएको स्वघोषणा पत्र (प्रतिफलमा आधारित प्रोत्साहन बाहेक) पेश गर्ने।
१०. माथि उल्लेखित विवरण तथा कागतपत्रहरु सत्य छन्। विगत तिन वर्ष देखी यसै प्रकतिको कामका लागी अनुदान लिएको छैन ।

निवेदक

दस्तखत :
नाम :
ठेगाना :
सम्पर्क नं.:
संस्थाको छाप

द्रष्टव्यः कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित कार्यालयले निवेदनको ढाँचा परिमार्जन गरी तयार गर्न सक्नेछ ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

बिजय बहादुर यादव
मन्त्री

अनुसूची– ३

(दफा ८ सँग सम्बन्धित)

## कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढाँचा

कार्यक्रमको नामः

जिल्लाः गा.पा./न.पा./उप/महा.न.पा.:

वडा नं.: टोलः गाउँः

फर्मको नामः

सञ्चालकको नामः सम्पर्क नं (अनिवार्य)

१. व्यवसायको परिचयः तपाईंले के कस्तो काम गर्न खोज्नु भएको हो किन कसरी र कहिले गर्न खोज्नु भएको हो भन्ने कुरा लेख्नुहोस्

गर्न खोजेको कामः

किन गर्नेः

कसरी गर्नेः

कहिले गर्नेः

२. उद्देश्यहरु : मूख्यतया कुन कुन कामका लागि अनुदान लिन चाहनु भएको हो?

क उत्पादन गर्ने

ख प्रशोधन गर्ने

ग बजारिकरण गर्ने

घ अन्य ..............

३. कृषि व्यवसायमा अनुभव : अनुदान लिन चाहनु भएको विषयमा तपाई संग कति वर्ष काम गरेको अनुभव छ? .............वर्ष

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरण : तपाईंले व्यवसाय सञ्चालन गर्न खोज्नु भएको ठाउँ कहाँ हो हावापानी कस्तो छ सडकबाट कति टाढा छ

व्यवसाय संचालन गर्ने स्थानः

उक्त स्थानमा हाल लगाईएका प्रमुख बालीहरुः

सडक पहुँचको अवस्थाः भएको.. ...... नभएकोः......

५. व्यवसाय सञ्चालनका लागि आवश्यक रहेका पूर्वाधारहरु : तपाईंले व्यवसाय सञ्चालन गर्न खोज्नु भएको ठाउँमा निम्न सुबिधाहरु छन् कि छैनन् छन् भने कस्ता छन्

सिँचाइ छ..... छैन..... छ भने कुलो..../ पोखरी..../बोरिङ्ग...../अन्य............ आदि

कति महिना सिंचाई हुन्छ? वर्ष भरी ....../ ......... महिना मात्र

सडक सडक पहुँचको अवस्थाः ...... कच्ची सडकः ....... पक्की सडकः

कच्ची भएमाः बर्षै भरी सवारी चल्ने..... हिंउदमा मात्र सवारी चल्ने ......

भण्डारण सुविधा छ ...... ...... छैन...... ......

विद्युत सुविधा छ ...... ...... छैन...... ......

यन्त्र/उपकरणः के कस्ता यन्त्र उपकरणहरुको प्रयोग गर्ने गरिएको छ?

क.

ख.

ग.

घ.

अन्य पूर्वाधार संरचनाहरु (उल्लेख गर्ने)

क.

ख.

ग.

६. तालिम सम्बन्धी विवरण : तपाईले अनुदान माग गर्नुभएको विषयमा तालिम लिनु भएको छ कि छैन छ भने कुन विषयमा कति दिनको र कहिले कसले दिएको हो?

| क सं | तालिमको विषय | अवधि | | तालिम दिने निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | | देखी | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

७. सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्ययोजना विवरणः

| क्र.सं. | क्रियाकलापहरु | परिमाण | दर | कूल लागत रु | माग गरेको अनुदान रकम रु | प्रस्तावकको साझेदारी रकम रु | संपन्न हुने समयावधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

८. उत्पादन सामग्री तथा उत्पादित बाली/ वस्तुको बजार योजना:

| उत्पादन सामग्रीको किसिम | खरीद गरिने स्थान | उत्पादन हुने बाली/बस्तुको नाम | बिक्री गर्ने स्थान | अनुमानित उत्पादन परिमाण | अनुमानित बिक्रि मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| बीउ | | | | | | |
| विरुवा | | | | | | |
| मल | | | | | | |
| विषादी | | | | | | |
| औजार उपकरण | | | | | | |
| अन्य | | | | | | |

९. प्रस्तावित ब्यवसायमा संलग्न हुने कृषकहरुको विवरण (समूह/सहकारी/उपभोक्ता समितिको हकमा)

| क्र.स. | नामथर | ठेगाना | खेती गरिने बाली/बस्तु | क्षेत्रफल (कठ्ठा/रोपनी) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१०. उत्पादित कृषि उपजको विक्रि योजना भएको..... ..... .....,नभएको ..... ..... .....

कृषि उपज विक्री सम्बन्धी सम्झौताः भएको..... .....नभएको ..... ..... .

(बिक्रि सम्झौता भएको प्रतिलिपी राख्ने)

११. सञ्चालन हुने कार्यक्रमबाट वातावरणमा नकारात्मक प्रभाव पर्छ ..... ...../पर्दैन..... ..... पर्ने भए प्रभाव न्यूनिकरणका लागि के गर्नु हुन्छ?

क.

ख.

ग.

१२. संचालित कार्यक्रम वाट थप रोजगारी श्रृजनाः

- स्वरोजगार कतिजना? (आफ्नो घरको मात्र)
- स्थायी रोजगारी कतिजना? (आफ्नो घर परिवार बाहेक)
- अस्थायी रोजगारी कतिजना? (आफ्नो घर परिवार बाहेक)

आवेदकको तर्फबाट सही गर्नेको नामः

दस्तखतः

पदः सम्पर्क नः

मितिः

द्रष्टव्यः कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित कार्यालयले कार्ययोजनाको ढाँचा परिमार्जन गरी तयार गर्न सक्नेछ ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

बिजय बहादुर यादव
मन्त्री

अनुसूची-४

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

## प्रस्ताव मूल्याङ्कनका आधारहरु

### क) प्रस्ताव मूल्याङ्कनका आधारहरु (प्रारम्भिक मुल्यांकन)

- सुचनामा माग गरिएको कागजात तथा मापदण्ड पुगे/नपुगेको आधारमा कार्यालयले योग्यता पुगेका प्रस्तावहरुलाई मात्र स्थलगत मुल्यांकनको लागि छनौट गर्नुपर्ने ।

### ख) प्रस्ताव मूल्याङ्कनका आधारहरु (स्थलगत निरक्षण मुल्यांकन)

जिल्ला:

आवेदक संस्थाको नामः

कार्यक्रम सञ्चालन स्थलको ठेगानाः

प्रस्तावित कार्यक्रमको नामः

मूल्याङ्कनका आधारहरुः

| क्र.सं. | विवरण | भार | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | **कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था** | १० | | |
| १.१ | सडक सुविधा भएको | २ | | |
| १.२ | बिजुली सुविधा भएको | १ | | |
| १.३ | सिंचाइ सुविधा भएको | ३ | | |
| १.४ | जग्गाको स्वामित्व (निजी /संस्थाको नाममा भएको ४, सार्वजनिक जग्गा भाडामा लिएको ३, नीजि जग्गा भाडामा लिएको २) | ४ | | |
| २ | **व्यवसाय सम्वन्धी अनुभव/तालिम** | १० | | |
| ३ | **वित्तीय क्षमता (५ लाख माथिको अनुदानमा)** | १० | | |
| ३.१ | कूल लगानीको ७० प्रतिशत भन्दा माथि लगानीको प्रतिबद्धता-पत्र (बैङ्क स्टेटमेन्ट वा बैङ्कको ऋण स्वीकृति/प्रतिवद्धता-पत्र) | १० | | |
| ३.२ | कूल लगानीको ५५-७० प्रतिशत सम्म लगानीको प्रतिबद्धता-पत्र (बैङ्क स्टेटमेन्ट वा बैङ्कको ऋण स्वीकृति/प्रतिवद्धता-पत्र) | ८ | | |
| ३.४ | कूल लगानीको ५०-५५ प्रतिशत सम्म लगानीको प्रतिबद्धता-पत्र (बैङ्क स्टेटमेन्ट वा बैङ्कको ऋण स्वीकृति/प्रतिवद्धता-पत्र) | ६ | | |
| ४ | **रोजगारीको अवस्था (५ लाख माथिको अनुदानमा)** | ५ | | |
| ४.१ | कम्तीमा ३ जना सम्म | ३ | | |

| क्र.सं. | विवरण | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| ४.२ | ३ जना भन्दा माथि | ५ | | |
| ५ | **वातावरणीय/सामाजिक प्रभाव** | ५ | | |
| ६ | उत्पादित वस्तुको बजार योजना (५ लाख माथिको अनुदानमा) | १० | | |
| ६.१ | आफ्नै पहलमा उत्पादित वस्तुहरुको बजारीकरण सुनिश्चितता (आफ्नै आउटलेट भएको) | १० | | |
| ६.२ | उत्पादित वस्तुको सम्झौता गरी बजारीकरण गर्ने | ८ | | |
| ६.३ | बजारीकरणको लागि आफ्नै आउटलेट नभएको, सम्झौता पनि नभएको, अनौपचारिक बजारिकरण भएको | ५ | | |
| ७ | **कार्यक्रमको सम्भाब्यता र दिगोपना** | ३० | | |
| ७.१ | **सम्भाव्यता** (जनशक्ति/भौगोलिक अवस्था/माटो/ जलवायू) | २० | | |
| ७.२ | ब्यवसायको दिगोपना तथा निरन्तरताको सम्भावना | १० | | |
| ८. | **खेतबारीको व्यवस्थापन** | ५ | | |
| ८.१ | राम्रो | ५ | | |
| ८.२ | ठिकै | ३ | | |
| ९ | **शैक्षिक अवस्था** | ३ | | |
| ९.१ | साधारण लेखपढ | २ | | |
| ९.२ | SEE भन्दा माथि | ३ | | |
| १० | **सम्वन्धित विषयमा बैदेशिक रोजगारीको अनुभव (कम्तीमा १ वर्ष)** | २ | | |
| | **जम्मा** | ९० | | |

नोटः मुल्याङ्कन मापदण्डको कुल अंकको कम्तीमा ४० प्रतिशत अंक प्राप्त गर्ने प्रस्तावहरुलाई मात्र छनौट गर्न सकिनेछ।

१. **स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरुः**

**क)**

**ख)**

**७. स्थलगत अनुगमन टोलीको रायः**

| क्र.सं. | पद | राय दिनेको नाम, थर | राय | | | कारण | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | हुन्छ | हुदैन | सुधार सहित हुन्छ | | |
| १ | | | | | | | |
| २ | | | | | | | |

अनुसूची-५

(दफा १० को उपदफा २ सँग सम्बन्धित)

## सम्झौता-पत्र

आर्थिक वर्ष .../... ... मा सञ्चालन हुने ..................... कार्यक्रमको लागि तथा कृषि ज्ञान केन्द्र/एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय ... ... ... (यस पछी प्रथम पक्ष भनिने) र छनौट भएका कृषक/समूह/समिति/सहकारी ... ... ... ... ... (यस पछी दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ ।

**शर्तनामाहरुः**

१. प्रथम पक्षले लागत साझेदारमा ............ कार्यक्रमको लागि कूल लागतरु. ... ... ... मध्ये अनुदान वापत रु. ... ... ... ... ... दोस्रो पक्षलाई रु. ... ... ... ... ... (अक्षरुपी रुपैयाँ ... ... ... . ... ... ... .. ...) अनुदान/सामग्री सहयोग प्रदान गर्नेछ।

२. दोश्रोपक्षले बाँकी रकमको व्यवस्था गरी ......... जिल्ला, .......गाँउपालिका/नगरपालिका वडा नं ...... मा ...... साल..... महिना भित्र सम्पन्न गर्नेछ ।

३. दोश्रोपक्षले प्रथमपक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाईन र ईइष्टिमेट अनुसारका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी सम्पन्न गर्नेछ ।

४. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन,अन्तिम बिल र कार्य सम्पन्न प्रतिबेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

५. दोश्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथमपक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दोश्रो पक्षको बैंक खातामा एकमुष्ठ भुक्तानी दिनेछ ।

६. दोश्रो पक्षले भुक्तानी माग गरेपछी प्रथम पक्षले तोकेको प्राविधिकबाट कार्य प्रगतिको अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि बढीमा तीन किस्तामा कार्य प्रगतिको आधारमा भुक्तानी गरिनेछ।

७. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/ निरिक्षण गरी सम्झौता मुताबिक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

८. दोश्रोपक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होडिङ्ग बोर्ड सबैले देख्ने गरी राख्नेछ ।

९. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

१०. दोस्रो पक्षले नियमित रुपमा (कम्तीमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगती, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु प्रथमपक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

११. सम्झौतामा उल्लेख हुन छुटेका विषयहरुको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१२. द्विपक्षिय सम्झौता मुताबिकको काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा पथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भङ्ग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षवाट सरकारी बाँकी सरह असुल उपरको प्रक्रिया अगाडी बढाउन सक्नेछ।

१३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताबिकको डिजाइन, ईइष्टिमेट र दरभाउ मेशिनरी, उपकरण र अन्य सामानहरु खरिद गर्नु पूर्व प्रथम पक्षसँग स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्मन्न गर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

१४. अनुदान कार्यक्रमबाट खरीद गरिएका औजार/मेसिनरीहरु/संरचनाहरु सहुलियत दरमा परिचालन गर्नुपर्नेछ।

१५. प्रथम पक्ष र दोश्रो पक्ष बीच सम्झौताको लागत अनुमानमा देहायको खर्चका श्रोतहरु रहनेछन।

(क) प्रथम पक्षले व्यहोर्ने लागत रु. ...............

(ख) दोश्रो पक्षले व्यहोर्ने लागत रु. ..............

(ग) अन्य श्रोतबाट प्राप्त लागत रु. ..............

(घ) कन्टेन्जेन्सी रकम रु. .................(यो रकम नियमानुसार खर्च गर्न सकिनेछ)।

(ङ) प्रस्तावनाको कुल लागत रु. ..............

| **प्रथम पक्षको तर्फबाट** | **दोश्रो पक्षको तर्फबाट** |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छाप | संस्थाको छापः |

**रोहवर**

| | |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छाप | संस्थाको छापः |

इतिसम्वत् ...... ... ...... साल ...... ... महिना ...... गते रोज ...... शुभम्।

नोटः द्विपक्षीय सम्झौतामा आवश्यकता मुताविकको अन्य सान्दर्भिक बुँदाहरु थप/घट गर्न सकिनेछ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

बिजय बहादुर यादव
मन्त्री

अनुसुची ६

(दफा ६ को ३ (ग) सँग सम्बन्धित)

**(कोभिड विशेष मागमा आधारित कृषि/पशुपंक्षी विकास कार्यक्रम)**

**कार्यक्रम माग निवेदनको ढाँचा**

श्री प्रमुख ज्यू, मिति ..................

कृषि ज्ञान केन्द्र/एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय ................................,

लुम्बिनी प्रदेश, नेपाल

विषयः कोभिड विशेष मागमा आधारित कृषि/पशुपंक्षी विकास कार्यक्रम माग गरिएको बारे।

प्रस्तुत विषयमा तँहा कार्यालयबाट मिति..................................... मा प्रकाशित गरिएको सूचना अनुसार **कोभिड विशेष मागमा आधारित कृषि/पशुपंक्षी विकास** कार्यक्रममा सहभागी हुने योग्यता पुगेकोले कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न निम्न बमोजिका कागजातहरू यसै पत्रसाथ संलग्न गरी यो कार्यक्रम माग पेश गरेका छु/छौं।

संलग्न कागजातहरुः

१. प्रस्तावकको निवेदन
२. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि
३. स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (सम्झौताको बखत पेश गर्ने)
४. कार्यक्रम सञ्चालनको लागि प्रस्ताव (संलग्न अनुसुची)
५. अनुदानग्राहीले सोही कार्यको लागि विगत तीन वर्ष भित्र अनुदान रकम नपाएको स्वघोषणा पत्र (प्रतिफलमा आधारित प्रोत्साहन बाहेक) पेश गर्नुपर्ने।

निवेदक

दस्तखत :

नाम :

ठेगाना :

सम्पर्क नं.:

संस्थाको छाप

द्रष्टव्यः कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित कार्यालयले निवेदनको ढाँचा परिमार्जन गरी तयार गर्न सक्नेछ ।

तपशिल

(कोभिड विशेष कार्यक्रम सञ्चालन प्रतिबद्धता)

म यस कार्यक्रमबाट निम्न बमोजिमको बाली/बस्तु उत्पादन/बजारिकरण /प्रशोधन/ ................सम्बन्धि कार्य सञ्चालन गर्नेछु।

खेती गरिने बाली .................. क्षेत्रफल ..................रोपनी/कठ्ठा वा

मौरी पालन .................. घारमा वा

च्याउखेती ................ किग्रा बीउ प्रयोग गरी उत्पादन वा

पशुपालन ............. पशु ..............संख्या

प्रशोधन/बजारिकरण सम्बन्धि ............................ कार्यगर्न

| क.स. | क्रियाकलाप | परिमाण | दर | जम्मा रु. | अनुदान माग रकम रु. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| | | | | | |

नोटः

- यस फर्मेटमा आवश्यकता अनुसार सम्बन्धित कार्यालयले थपघट गर्न सकिनेछ।
- कोभिड विशेष मागमा आधारित कृषि तथा पशुपन्छी कार्यक्रम छनौटका लागि मुल्यांकनका लागि अनुसूचि ४ का आधारहरु रहनेछन् र परिमार्जन गर्नु परेमा कार्यक्रम व्यवस्थापन समितिले आवश्यक निर्णय गर्न सक्नेछ।